**अनुसूची २**

(दफा ४ तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

बडीकेदार गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्याः १ मितिः २०७९/६/९

**भाग-२**

**बडीकेदार गाउँपालिका**

## सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालिकालाई गाउँपालिकाबाट दिइने महंगी भत्ता व्यवस्थापन सम्बन्धी कार्यविधी २०७९

**प्रस्तावना :**

औपचारिक शिक्षा भन्दा बाहिर रहेर वैकल्पिक तथा निरन्तर शिक्षाको माध्यमबाट निरन्तर र जीवन परित्न शिक्षालाई कार्यान्वयन गरी सचेतना र सिप विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याई सामाजिक विकासमा योगदान गर्ने भूमिका रहेको सामुदायिक सिकाइ केन्द्रमा कार्यरत सामुदायिक सिकाइ केन्द्र परिचालिकाको पारिश्रमिक न्युन रहेको परिपेक्षमा बडीकेदार गाउँपालिकाको गाउँ सभाले मासिक रु २ हजार महंगी भत्ता उपलब्ध गराउने निर्णय गरे अनुरुप यो कार्यविधी निर्माण गरिएको हो । सामुदायिक सिकाइ केन्द्रमा कार्यरत सामुदायिक परिचालिकालाई उनीहरुको मनोबल उच्च बनाई कार्य प्रभावकारीता ल्याउन गाउँपालिकाले गाले दिएको नियम बनाउन सकिने अधिकार प्रयोग गरी यो कार्यविधि जारी ६२को उपनियम १०शिक्षा ऐन को परिच्छेद .पा. गरिएको छ ।

## परिच्छेद १
## सङ्क्षिप्त नाम र प्रारम्भ

१ १. यो निर्देशिकाको नाम सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालिकालाई गाउँपालिकाबाट दिइने महंगी भत्ता व्यवस्थापन सम्बन्धी कार्यविधी २०७९ रहने छ।

१२. यो कार्यविधि गाउँपालिकामा सञ्चालित सम्पुर्ण सामुदायिक सिकाइ केन्द्रहरुमा लागु हुनेछ।

१.३ विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "मन्त्रालय" भन्नाले शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

ख)"केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनुपर्छ।

ग) **"कार्यपालिका"** भन्नाले बडीकेदार गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

घ)**"गाउँपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका सम्झनुपर्छ।

ङ "अध्यक्ष" न्नाले गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ(

च। "उपाध्यक्ष"पालिका उपाध्यक्षलाई सम्झनुपर्भन्नाले गाउँ

छ (**"शिक्षा शाखा"** भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ।

ज) **"शिक्षा समिति"** भन्नाले गाउँ शिक्षा नियमावलिको परिच्छेद ४ को नियम २४ मा व्यवस्था भए अनुसार ठन भएको शिक्षा समितिलाई सम्झनु पर्छ।

झ) " कार्यपालिका" भन्नाले बडिकेदार गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

ञ) "गाउँ सभा " भन्नाले बडीकेदार गाउवपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

ट) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ठ) " शिक्षा अधिकृत " भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनुपर्छ।

ड. "व्यवस्थापन समिति" सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ बमोजिम गठन भएको व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

ढ) परिचालिका भन्नाले सामुदायिक सिकाइ केन्द्रमा कार्यरत सहजकर्तालाई जनाउछ।

ण) "अध्यक्ष." भन्नाले सामुदायिक सिकाई केन्द्र व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ।

त) "सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन मापदण्ड'' भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०३/२२ गते स्वीकृत सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ लाई सम्झनुपर्छ।

थ) "सम्बन्धित निकाय" भन्नाले गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश/शिक्षा विकास निर्देशनालय र शिक्षा तथा मानव श्रोत विकास केन्द्र लाई प्रसंग अनुसार सम्झनुपर्छ।

द) अन्य शब्द, नामावली र पदको अर्थ प्रचलित ऐन, कानुन र नियमानुसार रहेको सम्झनुपर्छ।

धगाउँपालिकाको आन्तरिक वा वाह्य आर्थिक श्रोतलाई सम्जनुपर्छ। " श्रोत भन्नाले" (

न " (महंगी भत्ता भन्नाले गाउँपालिकाले आफ्नै श्रोतबाट सामुदायिक सिकाइ केन्द्र परिचालिकालाई "दिने रकम लाई जनाउने छ

## परिच्छेद २

उदेश्य

यस बडीकेदार गाउँपालिका अन्तरगत सञ्चालित समुदायिक सिकाइ केन्द्रमा नेपाल सरकारद्वरा स्वीकृत कोटामा कार्यरत सामुदायिक सिकाइ केन्द्र परिचालिकाहरुको पारिश्रमिक न्युन रहेको अवस्थालाई मध्यनजर गर्दै गाबाट मासिक रुपमा महंगी .पा. र्यविधिको मुख्य उदेश्य हो ।भत्ता प्रदान गरी उनीहरुको मनोवल उच्च बनाई कार्य प्रभाकारिता ल्याउनु यस का

## परिच्छेद ३

**कार्यान्वयन हुने क्षेत्र**

यस बडीकेदार गाउँपालिका भित्रका ५ वटै वडामा सञ्चालित समुदायिक सिकाइ केन्द्रहरु कार्यान्वयन क्षेत्र भित्र पर्दछन् ।

## परिच्छेद ४

महंगी भत्ता पाउने कर्मचारीहरु

बडीकेदार गाउँपालिकाका सामुदायिक सिकाइ केन्द्रहरुमा कार्यरत विद्यालयमा नेपाल सरकारबाट तलव खादै आएका सामुदायिक सिकाइ केन्द्र परिचालिका यस कार्यविधिले व्यवस्था गरे अनुरुप मासिक महंगी भत्तालई त्रैमासिक शिक्षक तलब भत्तासंगै १२ महिनाको लागि उपलब्ध गराइनेछ । तर कुनै वडामा रहेको सामुदायिक सिकाइ केन्द्रले नीजि श्रोतबाट तलब भत्ता व्यहोर्ने गरी राखेका कर्मचारीको हकमा यो कार्यविधि लागु हुने छैन ।

## परिच्छेद ५

### महंगी भत्ताको दर निर्धारण

गाउँपालिकाले दिने उक्त महंगी भत्तालाई कर्मचारीको किसिमदेहायको दरमा महिनामा १२पद र तहको आधारमा वार्षिक , -दिइनेछः

| क्र.स. | पद | मासिक महंगी भत्ता दर २०७९ | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्र परिचालिका | २००० | |

प्रोत्साहन भत्ताको दर निर्धारण कार्यपालिकाले तोके अनुसार हुनेछ र भत्ता दर हेरफेर गर्नु परेमा गाउँसभा बाट निर्णय भई आएमा यो कार्यविधिलाई संशोधन गरी व्यवस्थापन गरिनेछ ।

## परिच्छेद ६

श्रोत व्यवस्थापन

बडीकेदार गाउँपालिकाको आन्तरिक वा वाह्य आर्थिक श्रोत बाट वेहोर्ने गारी उक्त महंगी भत्ताको व्यवस्था गरिने छ ।

## परिच्छेद ७

**प्रोत्साहन भत्ताको निरन्तरता (समयावधि)**

गाउँपालिकाबाट प्रोत्साहन स्वरुप दिन सुरु गरेको भत्तालाई गाउँपालिकाको आर्थिक श्रोतले धान्न सकिने देखिएमा यसलाई निरन्तरता दिन सकिनेछ । तर नेपाल सरकार र संघीय शिक्षा ऐन तथा नियमावलीमा कर्मचारीको सेवा सर्त र सुविधमा नयाँ, व्यवस्था भई आएमा गाउँपालिकाले उक्त प्रोत्साहन भत्तालाई कटौति गर्न सक्नेछ । साथै महंगी भत्ता खाने कर्मचारीसंग सामुदायिइ सिकाइ केन्द्रले अनौपचारिक तथा वैकल्पिक शिक्षा र शैक्षिक गुणस्तरसंग सम्बन्धित करार सम्झौता गर्न सक्नेछ र सम्झौता अनुरुप कार्य नगेमा वा निजले पेसागत आचरण अपनाएको नपाइएमा जतिखेर पानि उक्त भत्तालाई रोक्का गर्न सकिनेछ । यो सुविधालाई निरन्तरताको लागि कुनै हक दावी गर्न पाइने छैन ।

## परिच्छेद ८

विभिन्न निकायको भूमिका

क) गाउँपालिका

- आर्थिक श्रोतको व्यवस्थान गर्ने,
- ऐन,कार्यविधि निर्माण र आवश्यक संशोधन गर्ने,नियमाली ,
- अनुगमन मूल्याङ्कन र प्रगति समिक्षा गर्ने ।,

ख वडा शिक्षा समिति र शिक्षा शा ,गाउँ शिक्षा समिति (कार्यविधिमा भएको व्यवस्था अनुरुप कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

- अनुगमननिर,ीक्षण,गरुने,मूल्याङ्कन र समिक्षा गर्ने,
- विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक संग छलफल,गराउने ,अन्तरक्रिया र समन्वय गर्ने,
- रिपोटिङ् र प्रगति प्रतिवेदन तयार पार्नेपार्न लगाउने । ,

## परिच्छेद ९

- गाउँपालिकाले सम्बन्धित निकायहरूको परामर्शमा यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।
- ऐन तथा नियमावलीसँग बाझिएको हकमा संघीय शिक्षा ऐन तथा नियमावली बमोजिम नै हुनेछ ।
- यस कार्यविधिमा भएका विषयमा थप स्पष्ट गर्नु परेमा गाउँ शिक्षा समितिबाट भएको व्याख्या नै अन्तिम हुनेछ ।
- गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले पारित गरे पछि यो कार्यविधि कार्यान्वयन हुनेछ

आज्ञाले,

दिलाराज भट्ट

प्रमुख प्रशासकीय अधिकृत